हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति :
२०७४/०३/०५ गते

निष्कासन बन्द हुने मिति :
२०७४/०४/०९ गते (बैकिङ्ग समय पश्चात्)

एन.बि. इन्सुरेन्स कम्पनी लिमिटेड
NB Insurance Company Ltd.
केन्द्रीय कार्यालय : नारायणचौर, नक्साल, काठमाण्डौं, पोष्ट बक्स नं. २१७४६
फोन नं.: ४४११५१०, ४४११५२०, फ्याक्स नं. :४४११५३७
इमेलः nbic@mos.com.np, वेवसाइटः www.nbinsurance.com
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@globalimecapital.com
Website: www.globalimecapital.com

सि.नं.

कोड नं. ☐☐☐

श्री संचालक समिति,
एन.बि. इन्सुरेन्स कम्पनी लिमिटेड
नक्साल, काठमाण्डौ, नेपाल ।

हितग्राही खाता नं.	
DP ID	
CLIENT ID	

शेयरधनी नं. ☐

महाशय,

त्यस कम्पनीबाट प्रकाशित “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” अनुसार मिति २०७४/०२/०३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) ………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ……………… कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)…………. कित्ता गरि जम्मा……….कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चोहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फारममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टब्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्रही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदन दरखास्त फारामका साथ संलग्न गरि हकप्रद शेयर निष्काशन अवधीभित्र संस्थापक शेयरधनीहरुको हकमा कम्पनीको केन्द्रीय कार्यालय, नक्साल, काठमाडौं तथा अन्य शेयरधनीको हकमा ग्लोबल आइएमई क्यापीटल लि., राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण (Renounce) गर्न सक्नेछन् ।
५. यस दरखास्त फारममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

- - - - - - - - - - - - - - - - - - - -

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४

हकप्रद शेयर खरीद रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	NB Insurance Company Ltd.				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

For Official Use Only:					
Received by:		Shareholder No.		DP ID	
Date:	Stamp	Code No.		CLIENT ID	

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

एन.बि. इन्सुरेन्स कम्पनी लिमिटेड

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७४/०१/१४

१. **कम्पनीको नाम :**
एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेड (NB Insurance Company Limited) ।

२. **रजिष्टर्ड कार्यालय :**
यस कम्पनीको रजिष्टर्ड कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा रहेको छ ।

३. **कारोवार स्थान :**
यस कम्पनीले का.म.न.पा. वडा नं. १, नारायणचौर, नक्साल, काठमाण्डौ नेपाल बाट बीमा सम्बन्धी कारोबार गर्दै आइरहेको छ । (२) बिराटनगर (३) बुटवल (४) बीरगंज (५) पोखरा (६) बनेपा (७) नारायणगढ (८) नेपालगञ्ज (९) जनकपुर (१०) दोलखा (११) बर्दिवास (१२) सोलुखुम्बु (१३) ओखलढुंगा (१४) गोंगबु (१५) भैरहवा (१६) कलंकी, काठमाण्डौ (१७) कोटेश्वर, काठमाण्डौ (१८) सल्लाघारी, भक्तपुर (१९) दाङ (२०) हेटौंडा (२१) विर्तामोड (२२) धनगढी (२३) धरान र (२४) एकान्तकुना (ताल्छिखेल) शाखा तथा सम्पर्क कार्यालयहरुबाट समेत यस कम्पनीले बीमा सम्बन्धी काम गर्दै आइरहेको छ । यस कम्पनीले भविष्यमा आवश्यकता अनुसार बीमा समितिको स्वीकृति लिई अन्य उपयुक्त स्थानहरुमा आफ्नो शाखा, उपशाखा वा अन्य कार्यालयहरु खोली कारोवार गर्दै जाने लक्ष्य रहेको छ ।

४. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**
संगठित संस्थाको संक्षिप्त परिचयः
यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०५५/१०/१२ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । बीमा ऐन, २०४९ अनुसार मिति २०५७/१०/१० मा निर्जीवन बीमा सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५७/१०/१९ गतेदेखि विधिवत रुपमा निर्जीवन बीमा सम्बन्धी कारोवार प्रारम्भ गरेको हो ।
संगठित संस्थाको उद्देश्यः
कम्पनीको प्रबन्धपत्रको दफा ३ तथा नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छः

(क) सम्पत्तिको संरक्षण गर्नको लागि विभिन्न किसीमको बीमा (अग्नी बीमा, मोटर बीमा, दुर्घटना बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा, इन्जिनियरिङ्ग बीमा, चोरी बीमा आदि) सम्वन्धि सबै किसिमको निर्जीवन बीमा तथा स्वास्थ यात्रा बीमा गर्ने गराउने ।
(ख) सम्पत्तिको संरक्षण लागि तथा बीमीत व्यक्तिहरुको हित र सुविधाको लागि विभिन्न बीमा कम्पनीहरुको पुनर्बिमा स्वीकार गर्ने तथा पुनर्बिमा गराउने ।
(ग) स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसँग मिली वा छुटाछुटै किसिमको बीमा व्यवसाय गर्ने गराउने ।
(घ) स्वदेश तथा विदेशमा बीमा, पुनर्विमा (ब्रोकर) दावी निर्धारण कर्ता, फछ्यौट कर्ता नियुक्त गर्ने गराउने ।
(ङ) बीमा, पुनर्बिमा, व्यवसायको लागि स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुको प्रतिनिधी (अभिकर्ता), ब्रोकर (दलाल) भई काम गर्ने गराउने ।
(च) प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुसंग सम्झौता गरी संयुक्त लगानीमा बीमा व्यवसाय गर्ने, गराउने ।
(छ) स्वदेश तथा विदेशमा बीमा, पुनर्विमा,दावी निर्धारण कर्ता, फछ्यौट कर्ता वा ब्रोकर नियुक्त गर्ने गराउने ।
(ज) बीमा व्यवसायबाट प्राप्त भएको रकम बीमा ऐनमा रही विभिन्न क्षेत्रमा लगानी गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्ने ।

५. **शेयर पूँजीको संरचना :**
(क) अधिकृत पूँजी :
यस कम्पनीको अधिकृत पूँजी रु. १,०००,०००,०००/- (अक्षरेपी एक अरव मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १०,०००,००० (एक करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) जारी पूँजी :
यस कम्पनीको जारी पूँजी रु. ५४,००,००,०००/- (अक्षरेपी चौवन्न करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५४,००,००० (चौवन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) चुक्ता पूँजी :
हाल यस कम्पनीको चुक्ता पूँजी रु. २७,००,००,०००/- (अक्षरेपी सत्ताइस करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा २७,००,००० (सत्ताइस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.५४,००,००,०००/- (अक्षरेपी चौवन्न करोड मात्र) हुनेछ ।

६. **शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :**
शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचनाः

शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	४३,२०,०००	४३,२०,००,०००	८०%	१००५
सर्वसाधारण शेयरधनीहरु(कर्मचारीहरु समेत)	१०,८०,०००	१०,८०,००,०००	२०%	१००५
जम्मा	५४,००,०००	५४,००,००,०००.००	१००%	

७. **सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :**
कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	हेमराज ढकाल (संस्थापक समूह क)	अध्यक्ष	अमलाचौर-४, बाग्लुङ	स्नातकोत्तर-TU EMP- MIT USA	- आईएमई ग्रुप अफ कम्पनीसका संस्थापक तथा प्रबन्ध संचालक - अध्यक्ष, हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड, जमल, काठमाण्डौ - नेपालको दोश्रो केवलकार चन्द्रागिरी हिल्स् लिमिटेडका संस्थापक अध्यक्ष तथा संचालक - संचालक डिस मिडिया नेटवर्क प्रा.लि. - पूर्व अध्यक्ष आई.एम.ई. फाइनान्स-७ बर्ष (ग्लोबल बैंकसंग मर्जर पश्चात ग्लोबल आइएमई बैंक भएको) - अध्यक्ष, नेपाल इन्डोनेसिया चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज - महासचिव, नेपाल मलेशिया चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज
२.	योगेश्वर शर्मा ढकाल (संस्थापक समूह क)	संचालक	अमलाचौर-४ वाग्लुङ	स्नातक	- कृषि विकास बैंकमा २८ वर्षको अनुभव - आई.एम.ई. फाइनान्समा ३ वर्ष प्रमुख कार्यकारी अधिकृत तथा ६ बर्ष प्रमुख कार्यकारी संचालक - ग्लोबल आई.एम.ई. बैंकमा १ वर्ष नायव प्रमुख कार्यकारी अधिकृतको अनुभव ।
३.	सुरेश देवकोटा प्रतिनिधि - नेपाल बङ्गलादेश बैंक लि. (संस्थापक समूह क)	संचालक	सल्लाघारी-१७ भक्तपुर	चार्टड एकाउण्टेण्ट तथा स्नातकोत्तर	- नेपाल बङ्गलादेश बैंक लि.मा २००७ देखि लेखा, वित्त तथा अन्तराष्ट्रिय समन्वय विभागमा विभागिय प्रमुखको रुपमा कार्यानुभव र हाल प्रमुख वित्त अधिकृतको रुपमा कार्यरत । - नेपाल बैंक लि.मा निरिक्षण तथा आन्तरिक लेखापरीक्षण विभागमा प्रबन्धकको रुपमा सन् २००५ देखि २००७ सम्मको अनुभव ।
४.	प्रताप जंग पाण्डे (संस्थापक समूह क)	संचालक	बालुवाटार-४ काठमाडौं	स्नातकोत्तर	- बैंक तथा वित्त कम्पनीमा १७ वर्षको अनुभव । - हाल लोमस फर्मास्यिूटिकल्स इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. मा प्रबन्ध निर्देशक ।
५.	योगेन्द्र राई प्रतिनिधि - बालाजी इन्टरनेशनल प्रा.लि. (संस्थापक समूह क)	संचालक	दिक्तेल न.पा. वडा नं.११ खोटाङ्ग	स्नातकोत्तर	- नेशनल हाइड्रो पावर कम्पनी लि. मा संचालक ।
६.	कुमार पौडेल (सर्वसाधारण समूह ख)	संचालक	देवदह-८, रुपन्देही	स्नातकोत्तर	- अरुण फाइनान्स लि. २०१५ देखि हालसम्म संचालक रहेको । - आरोही टुर्स एण्ड ट्राभल्समा २०१५ देखि हालसम्म अध्यक्ष रहेको । - अल्का इन्भेष्टमेण्ट प्रा.लि. मा सन २००९ देखि अध्यक्ष ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम	पद	ठेगाना	योग्यता	अनुभव
युगेश भक्त वादे श्रेष्ठ	का.मु.प्रमूख कार्यकारी अधिकृत	ढल्को क्षेत्रपाटी-१७, काठमाडौं	स्नातक	प्रभु इन्स्योरेन्स कम्पनी लि.मा ६ वर्षसम्म कार्यकारी अधिकृत तहको अनुभव सहित निर्जीवन बीमा क्षेत्रमा २१ वर्ष भन्दा बढिको अनुभव रहेको ।

८. **सञ्चालक समितिको बनौट :**
कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ

समूह "क"वर्गका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित संचालकहरु	५ (पाँच) जना
समूह "ख" वर्गका शेयरधनीहरुबाट निर्वाचित संचालक	२ (दुई) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

सर्वसाधारण शेयर समूहबाट निर्वाचित संचालक प्रिती पाण्डेले राजिनामा दिनुभई संचालक समितिबाट स्वीकृत भएको छ । साथै स्वतन्त्र संचालक हाल रिक्त रहेको ।

९. **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः**
हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ : १ (अर्थात विद्यमान एक शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरको दरले) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

यदी कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै बाँडफाट गरिनेछ । दरखास्त साथ प्रति शेयर रु.१००/- को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१०. **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्थाः**
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा धितोपत्र "दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम २० बमोजिम सार्वजनिक रुपमा सूचना प्रकाशित गरी तथा धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको ब्यवस्था बमोजिम लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिने छ ।

११. **हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :**
हकप्रद शेयरको अनुपात भन्दा वढी शेयर खरिद गर्न पाइने छैन । तर यसरी १ : १ को अनुपातबाट हकप्रद आधार हिसाब गर्दा शेयरधनीको कुल शेयर खण्डीकृत भएमा त्यसलाई १ अंक मानि हकप्रद शेयर संख्या गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरि आवेदन दिन पाइने छ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिने छ । त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा थप धितोपत्रहरु बोर्डमा दर्ता गरि सोको अनुमोदन आगामी वार्षिक साधारण सभाबाट गराईनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१२. **कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :**
कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७३/७४ पौष मसान्त*	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
श्रोत							
१. चुक्ता पूँजी	१४१,९६०	१५०,०००	१५०,०००	२७०,०००	५४०,०००	५४०,०००	५४०,०००
२. जगेडा तथा कोष	५३,६६४	६०,७५६	४८,२३३	९३,५४०	९३,५४०	९३,५४०	१४४,७६१
३. बीमा कोष	१७,७५६	३६,७८५	५१,९१६	६७,५२१	९१,९६५	१६९,९१४	२६७,४७९
४. महा-विपत्ती जगेडा	-	-	-	-	-	-	-
५. तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	५,६९१
कूल श्रोत (१+२+३+४+५)	२,१३,३७९	२,४७,५४२	२,५०,१४९	४३१,०६१	७२५,५०५	८०३,४५४	९५७,९३२
उपयोग							
६. स्थिर सम्पत्ति (खुद)	४,९९४	३,८३९	१२,८२६	१५,४७८	२२,८१७	२६,६५५	२९,४३९
७. दिर्घकालिन लगानी	८,३९६	१२४,०८७	१३२,३७७	१२१,२०२	१९८,७०२	२४७,२०२	३००,७०२
८. दिर्घकालिन कर्जा	-	-	-	-	-	-	-
चालु तथा अन्य सम्पत्ति	-	-	-		-	-	-
९. नगद तथा बैंक मौज्दात	२८,९४१	९५,५१३	३३६,६८०	१५१,५५५	१६९,७७६	१६३,८८६	१६२,६६४
१०. अल्पकालिन लगानी	३१,०२५	२०,०२५	४४,०२५	२०९,५००	५०२,०२५	६६४,०२५	८९४,०२५
११. अन्य अल्पकालिन कर्जा	-	-	-		-	-	-
१२. अन्य सम्पत्ति	१९२,६६५	१८५,१३९	१७६,७१०	१९९,७६५	२१६,९६२	२८३,७१२	३३७,४६८
जम्मा (क) (९+१०+११+१२)	२५२,६३१	३००,६७७	५५७,४१६	५६०,८२१	८८८,७६४	१,१११,६२३	१,३९४,१५७
चालु दायित्व तथा व्यवस्थाहरु							
१३. चालु दायित्व	९९,९६७	२०१,१८१	४१२,७८७	१३५,२७८	१०७,६३५	११७,८५७	१२९,८७७
१४. असमाप्त जोखिम बापत व्यवस्था	१९,५५४	१,५३४	५५,५८४	१३८,३६२	१८०,८००	२१८,९४६	२७२,०४०
१५. भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६६,६५६	६४,९७९	३८,२९१	४४,५०८	११७,९७२	१९२,१३६	२६२,६६६
१६. अन्य व्यवस्था	७०,३०९	९९,३५२	१०४,४५८	९१,३३८	९६,९७०	९३,७३८	१०१,७८४
जम्मा (ख)(१३+१४+१५+१६)	२५६,४८६	३६७,०४५	६११,११९	४०९,४८५	५०३,३७८	६२२,६७८	७६६,३६६
१७. खूद चालु सम्पत्ति (ग=क-ख)	(३,८५५)	(६६,३६९)	(५३,७०४)	१५१,३३५	३८५,३८६	४८८,९४५	६२७,७९१
१८. अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-
१९. नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	२०३,८४३	१८५,९८५	१,५८,६५१	१४३,०४६	१,१८,६०१	४०,६५३	-
कुल उपयोग (६+७+८+१७+१८+१९)	२१३,३७९	२४७,५४२	२,५०,१४९	४३१,०६१	७२५,५०५	८०३,४५४	९५७,९३२

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७३/७४ पौष मसान्त*	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	२३,७५०	८०,५३६	५१,१५०	३०,३७६	९८,५२४	२०८,३६४	२८१,८०१
लगानी कर्जा तथा अन्यबाट आय	१,६५५	६,२०९	३,९४३	६३०	७,३८३	२६,५०१	३३,३०४
व्यवस्था फिर्ता	६,२४५	२,५५१	९,१४६	१०,०००	११,२१३	१७,५००	-
अन्य आम्दानी	-	-	-	-	-	-	-
जम्मा आम्दानी (क)	३१,६५०	८९,२९६	६४,२३९	४१,००६	१,१७,१२१	२५२,३६५	३,१५,१०५
खर्च							
व्यवस्थापन खर्च	२२,१८६	२२,०३६	४,४६२	३,२९९	५,८०८	६,७३४	७,८२२
अपलेखन खर्च	९,७७९	-	-	-	-	-	-
शेयर सम्बन्धी खर्च	१४०	२५९	१,०७८	९४२	१,०००	६५०	६५०
अन्य खर्चहरु	-	-	२,५३२	१८६४	-	-	-
नोक्सानीको लागि व्यवस्था	३,९८६	२६,२६६	९,१०५	-	-	-	-
कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-
कर्मचारी बोनस व्यवस्था	-	३,७०३	४,२७८	३,१७३	१०,०२८	२२,२७१	२७,८७६
समायोजित आयकर	१,२६८	(१,०२८)	१२,५२३	५१८	२०,१८५	६६,८१३	८३,६२७
अ) आयकर	-	-	-	५१८	२०,१८५	६६,८१३	८३,६२७
आ) स्थगन कर सम्पत्ति/दायित्व	(१,२६८)	१,०२८	(१२,५२३)	-	-	-	-
जम्मा खर्च (ख)	३७,३५९	५१,२३७	३३,९७८	९,७९७	३७,०२२	९६,४६८	११९,९७५
खूद नाफा / (नोक्सान) (ग=क-ख)	(५,७०९)	३८,०६०	३०,२६१	३१,२१०	८०,०९९	१५५,८९७	१९५,१३०
बीमा कोषमा सारेको	-	१९,०३०	१५,१३०	१५,६०५	४०,०५०	७७,९४८	९७,५६५
अघिल्लो वर्षसंग सम्वन्धित खर्च	-	१४३	३१९	-	-	-	-
अघिल्लो वर्षबाट सारिएको नाफा र (नोक्सान)	(१९९,४०२)	(२०३,८४३)	(१,८५,९८५)	(१५८,६५१)	(१५८,६५१)	(११८,६०१)	(४०,६५३)
बाँडफाँटको लागि उपलब्ध रकम	(२०५,११२)	(१८४,९५७)	(१७१,१७४)	(१४३,०४६)	(११८,६०१)	(४०,६५३)	५६,९१२
क) स्थगन कर जगेडा	(१,२६८)	१,०२८	(१२,५२३)	-	-	-	-
ख) पूँजीगत जगेडा	-	-	-		-	-	-
ग) विशेष जगेडा	-	-	-		-	-	-
घ) अन्य जगेडा	-	-	-		-	-	-
ड.) प्रस्तावित लाभांश	-	-	-		-	-	-
च) महाविपत्ती जगेडा	-	-	-		-	-	५,६९१
वासलातमा सारेको नाफा / (नोक्सान)	(२०३,८४३)	(१८५,९८५)	(१५८,६५१)	(१४३,०४६)	(११८,६०१)	(४०,६५३)	५१,२२१

एकिकृत आय-व्यय हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७३/७४ पौष मसान्त*	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
आय							
बीमा शुल्क (खुद)	३८,६६७	२,६८९	१,१०,०८१	१४७,३९४	३६१,५०५	४३१,०००	५२७,२८०
पुनर्बीमा कमिशन आय	८८७	५१७	२९,२६७	२७,१४२	९४,३९४	११५,६३५	१४३,०६६
लगानी, कर्जा तथा अन्यबाट आय	१३,७८०	६५,४८४	१४,३९५	३,१५३	३७,७१२	३२,३३७	४४,०८१
अन्य प्रत्यक्ष आय	-	-	-	-	-	-	-
आर्थिक वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	७१,४३५	६६,६५६	६४,९७९	३८,२९१	३८,२९१	११७,९७२	१९२,१३६
आर्थिक वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	४०,४२६	१९,३६५	१,३४९	५५,५३६	५५,३५४	१७७,३९९	२१३,९००
जम्मा आय (क)	१६५,१९४	१५४,७११	२२०,०७२	२७१,५१६	५८७,२५६	८७४,३४३	१,१२०,४६३
व्यय							
दावी भुक्तानी (खुद)	३८,८५८	६,३६०	२८,५२०	२०,७०२	९८,९९५	१५०,६७०	१८३,९००
अभिकर्ता कमिशन	३,३५५	५१	४,२८८	४,२६६	३२,०४९	३८,७३२	४७,६५८
पुनर्बीमा कमिशन खर्च	-	-	७६६	२,०८२	३,०७८	४,०२१	५,१३१
सेवा शुल्क (खुद)	३८७	२७	१,१०१	१,४७४	३,६१५	४,३१०	५,२७३
अन्य प्रत्यक्ष खर्च	-	-	३९९	१०४	-	-	-
व्यवस्थापन खर्च	१२,८५५	१,४१४	४०,१५६	२९,६८९	५२,२७०	६०,६०९	७०,३९५
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	६६,६५६	६४,९७९	३८,२९१	४४,५०८	११७,९७२	१९२,१३६	२६२,६६६
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था	१९,३३४	१,३४५	५५,३९९	१३८,३१४	१८०,७५३	२१५,५००	२६३,६४०
जम्मा व्यय (ख)	१४१,४४४	७४,१७५	१६८,९२२	२४१,१४०	४८८,७३२	६६५,९७९	८३८,६६३
नाफा/नोक्सान हिसावमा सारेको बचत/(नोक्सान)(ग=क-ख)	२३,७५०	८०,५३६	५१,१५०	३०,३७६	९८,५२४	२०८,३६४	२८१,८०१

कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ ।

विवरण	वास्तविक (रु. हजारमा)			आ.ब.०७३/७४ पौष मसान्त*	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब.०७०/७१	आ.ब.०७१/७२	आ.ब.०७२/७३		आ.ब.०७३/७४	आ.ब.०७४/७५	आ.ब.०७५/७६
शेयर पूँजी	१४१,९६०	१५०,०००	१,५०,०००	२७०,०००	५४०,०००	५४०,०००	५४०,०००
जगेडा तथा कोषहरु	५३,६६४	६०,७५६	४८,२३३	९३,५४०	९३,५४०	९३,५४०	१,४४,७६१
बीमा कोष	१७,७५६	३६,७८५	५१,९१६	६७,५२१	९१,९६५	१६९,९१४	२६७,४७९
महा-विपत्ती जगेडा	-	-	-	-	-	-	५,६९१
जम्मा	२,१३,३७९	२४७,५४२	२५०,१४९	४३१,०६१	७२५,५०५	८०३,४५४	९५७,९३२
स्थागन कर/अपलेखन हुन बाँकी खर्च							
नाफा नोक्सान हिसाबबाट सारिएको (नोक्सान)	(२०३,८४३)	(१८५,९८५)	(१५८,६५१)	(१४३,०४६)	(११८,६०१)	(४०,६५३)	-
कूल नेटवर्थ	९,५३६	६१,५५७	९१,४९९	२८८,०१५	६०६,९०४	७६२,८०१	९५७,९३२
शेयर संख्या (१००० मा)	१,४१९.६०	१,५००.००	१,५००.००	२,७००.००	५,४००.००	५,४००.००	५,४००.००
प्रति शेयर नेटवर्थ (रु.)	६.७२	४१.०४	६१.००	१०६.६७	११२.३८	१४१.२६	१७७.४०
प्रति शेयर आम्दानी (रु.)	-	२५.३७	२०.१७	२३.१२	१४.८३	२८.८७	३६.१४
नेटवर्थमा प्रतिफल (५)	-	६१.८२	३३.०७	२१.६७	१३.२०	२०.४४	२०.३७
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = ३०.१२%

* व्यवस्थापनद्वारा प्रमाणित २०७३ पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार ।
द्रष्टव्यः यस वित्तिय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विश्लेषण आर.एस. एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्टस श्री सुरेन्द्र श्रेष्ठज्यूले गर्नु भएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण गरेको छ ।

१३. **संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरू :**
क) नयाँ निर्जीवन बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर बीमा लगानीको क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुने जोखिमहरु ।
ग) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
घ) नेपाल सरकारले वर्तमान बीमा सेवा नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरे सो बाट कम्पनीको आयमा असर पर्न जोखिम ।
ङ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
च) कम्पनीको लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) भुकम्प लगायत प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमहरु ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : निष्कासन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।
कम्पनीले व्यापक रुपमा विश्वब्यापी आर्थिक मन्दी, क्रयशक्तिमा ह्रास, निर्जीवन बीमा सम्वन्धि सर्वसाधारणमा जनचेतनाको कमी, विद्यमान राजनैतिक अस्थिरता, बीमा बजारको प्रतिस्पर्धात्मक स्थिति, उर्जा संकट, कुल ग्राहस्थ उत्पादनमा निरन्तर रुपमा कमी आउनु, लगानीको सुरक्षाको ग्यारेन्टी नभएकोले विकासको कार्य ठप्प हुनु जस्ता कारणहरुले गर्दा बीमामा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले असर पर्न सक्ने हुनाले ती सम्भावनालाई दृष्टिगत गरी बीमा जोखिमहरु न्यूनीकरणका लागि मध्यकालीन तथा दिर्घकालीन प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्तिकरण गर्दै लाग्ने नीति रहेको छ । साथै बीमा समिति तथा अन्य नियमनकारी निकायहरुबाट बेला बेलामा परिवर्तन हुने नीतिबाट कम्पनीको कारोवारमा प्रत्यक्ष प्रभाव पर्ने भएकोले यी परिवर्तनहरुलाई समेत आत्मसात गरी कम्पनीले आफ्नो कारोवारलाई अगाडि बढाउने नीति लिएको छ ।

१४. **शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**
क) धितोपत्र बाँडफाँट गर्दा यस हकप्रद निष्कासन प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयर संख्याको १ : १ (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधाराण शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागि दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न कम्पनी बाध्य हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्वन्धमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम २० मा भएको व्यवस्था बमोजिम सूचना प्रकाशन गरी लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिने छ ।
ख) कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेको शेयरधनीहरुलाई हकप्रद साधारण शेयर सम्बन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ ।

१५. **शेयर सुचीकरण गराउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्रको वितरण शेयरधनीहरुले उपलब्ध गराएको हितग्राही खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१६. **पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**
यस कम्पनीको विगत तीन आर्थिक वर्ष (२०७०/०७१, २०७१/०७२ र २०७२/०७३) को शेयर कारोवारको विवरण

कम्पनीको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या (हजारमा)
२०७०/०७१	८१	५७	८०	६.९९
२०७१/०७२	-	-	-	-
२०७२/०७३	८७.७२	८१.६	८७.७२	०.०६

कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण

पौष	११२५	३२४	१००७	१२५.०९
माघ	१०४९	८३५	८३५	३०.२७६
फागुन	१०९१	७०९	१०१०	३७.३८६

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१६. **हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**
क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागि हकप्रद निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली कम्पनीले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
ङ) कुनै शेयरधनीहरुको शेयर भौतिक तथा अभौतिक रुपमा कायम रहेको भएतापनि सो बाट प्राप्त हुन आउने जम्मा शेयर कित्ताको लागि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सकिनेछ ।
च) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् ।
छ) यस हकप्रद शेयर निष्कासन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
ज) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
झ) हकप्रद शेयरको वितरण सोझै हितग्राही खाता मार्फत गरिने हुँदा भौतिक रुपमा हकप्रद शेयर आवेदन गर्नुहुने शेयरधनीहरुले अभौतिक रुपमा शेयर प्राप्त गर्नको लागि निवेदनको साथै आफ्नो हितग्राही खाता नम्बर (Demat Account Number), नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१७. **आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**
आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाडौं तथा सर्वसाधारण शेयरधनीहरुले यस इन्सोरेन्स कम्पनी वा निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाडौंमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।
क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ ।
ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्नेछ ।
ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनुपर्ने छ ।
ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा प्रचलीत कानूनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।
च) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।
छ) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनुपर्नेछ ।
ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
झ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।
ञ) संचालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तिन दिन अगाडी हक हस्तान्तरण गरि निष्काशन बैंकमा रकम जम्मा गर्नु
पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
(ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तिय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१८. **धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :**

सि.नं.	संकलन केन्द्रहरु
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं ।
२.	एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडः **काठमाण्डौ उपत्यका भित्रः** (१) कम्पनीको केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाण्डौं (२) गोंगबु (३) कलंकी (४) कोटेश्वर र (५) सल्लाघारी, भक्तपुर **काठमाण्डौ उपत्यका बाहिरः** (१) बिराटनगर (२) बुटवल (३) बीरगंज (४) पोखरा (५) बनेपा (६) नारायणगढ (७) नेपालगञ्ज (८) जनकपुर (९) दोलखा (१०) बर्दिवास (११) सोलुखुम्बु (१२) ओखलढुंगा (१३) भैरहवा (१४) दाङ (१५) हेटौंडा र (१६) धनगढी ।

साथै हकप्रद शेयरको दरखस्त फारम निष्कासन कर्ता कम्पनी - श्री एन.बी. इन्सुरेन्स कम्पनी लिमिटेडको वेबसाइट www.nbinsurance.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धक-ग्लोबल आईएमई क्यापीटल लिमिटेडको वेबसाइट www.globalimecapital.com.np मार्फत समेत डाउनलोड गरी भरेर बुझाउन सकिने छ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अघिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौंमा पठाउन सकिने छ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

१९. **निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री सिटिजन्स बैंक इन्टरनेसनल लि, कमलादी, काठमाण्डौं ।	००१००००४५२ CC
२.	श्री ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौं ।	०१११०१००११०३६
३.	श्री एन.आई.सी. एशिया बैंक लि., काठमाण्डौं	५४४४४६३७३२५२४००३

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरूलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

१९. **हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिनभित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा हकप्रद शेयरको बिक्री खुल्ला अवधी धितोपत्र निष्कासन नियामावली, २०७३ को नियम १८ मा उल्लेख भएको व्यवस्था वमोजिम थप १५ दिन गरिनेछ ।

२०. **सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :**
यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. २०,३५,९८,०००/- जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति : २०७४/०३/०५ गते

निष्कासन बन्द हुने मिति : २०७४/०४/०९ गते (बैकिङ्ग समय पश्चात्)

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US
पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np,
Website: www.globalimecapital.com

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

एन.बि. इन्सुरेन्स कम्पनी लिमिटेड
NB Insurance Company Ltd.
केन्द्रीय कार्यालय : नारायणचौर, नक्साल, काठमाण्डौं, पोष्ट बक्स नं. २१७४६
फोन नं.: ४४११५१०, ४४११५२०, फ्याक्स नं.:४४११५३७

विषय : मन्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मन्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत :- .... मन्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- .... मन्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्काले भुक्तानी/शेयर प्रमाणपत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।